आज मिति २०७५ साल चैत्र २२ गते शुक्रवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री सुनसरी गुरुङ | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री दिनेशराज पन्त | उपस्थित |
| उपसचिव | श्री अम्बिकाप्रसाद आचार्य | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमार कन्चन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| इन्जिनियर | श्री रविन्द्रलाल मूल | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

**प्रस्तावहरु**

(१) भूकम्प पिडीतहरुको छुट तथा पुनः जाँच सर्भेक्षणको लगत पठाउने सम्बन्धमा ।
(२) योजना तर्जुमा सम्बन्धी मार्गदर्शन सम्बन्धमा ।
(३) एच.आइ.भि. संक्रमितहरुको लागि संचालन हुने कार्यक्रम सम्बन्धमा ।
(४) लोक संस्कृतिको जगेर्नाका लागि सहयोग सम्बन्धमा ।

(५) परम्परागत नौमति बाजा खरिद अनुदान सम्बन्धमा ।
(६) जनता आवास कार्यक्रम सम्बन्धमा ।
(७) विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा ।
(८) ए.वि.सी. केवल खरिद सम्बन्धमा ।
(९) सार्वजनिक शौचालय निर्माण सम्बन्धमा ।
(१०) शहिद पार्क निर्माण सम्बन्धमा ।
(११) सुन्धारा टोल अधुरो खानेपानी योजना रकम थप सम्बन्धमा ।
(१२) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन अनुमति सम्बन्धमा ।
(१३) देवीडाँडामा पार्क निर्माण सम्बन्धमा ।
(१४) हाते ट्याक्टर खरिद गर्ने सम्बन्धमा ।
(१५) व्यास ५ का वडास्तरीय कार्यक्रम सम्बन्धमा ।
(१६) सडकको लगत कट्टाको लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा ।
(१७) व्यास १२ को वडास्तरीय कार्यक्रम सम्बन्धमा ।
(१८) व्यास १ को चारकुने क्षेत्रमा प्रहरी चौकी स्थापना सम्बन्धमा ।
(१९) बाटोको लगत कट्टाको लागि अनुमति दिने सम्बन्धमा ।
(२०) सडक बोर्ड नेपालको ठेक्का स्वीकृत सम्बन्धमा ।
(२१) योजना स्वीकृत सम्बन्धमा ।
(२२) व्यास १३ को योजना परिवर्तन सम्बन्धमा ।
(२३) व्यास ३ को योजना परिवर्तन सम्बन्धमा ।
(२४) झोलुङ्गेपुल योजना सम्झौता सम्बन्धमा ।
(२५) व्यास ३ को योजना परिवर्तन सम्बन्धमा ।
(२६) व्यास ३ को योजना परिवर्तन सम्बन्धमा ।
(२७) पार्किङ शुल्कको दररेट संशोधन सम्बन्धमा ।
(२८) पिकअप तथा ट्याक्टर खरिद सम्बन्धमा ।
(२९) बजार अनुगमन समितिको इकाई प्रमुख तोक्ने सम्बन्धमा ।
(३०) सुरक्षित आवास कार्यक्रम सम्बन्धमा ।
(३१) व्यास ७ को योजना संचालन सम्बन्धमा ।
(३२) कर्मचारी विशेष सुविधा सम्बन्धी मापदण्ड २०७५ सम्बन्धमा ।
(३३) युवा संसद मनोनयन सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय पुननिर्माण प्राधिकरण सिंहदरवार, काठमाण्डौंद्वारा भूकम्प पिडीतहरुको लागि छुट तथा पुनः जाँच सर्वेक्षण सम्बन्धी जारी भएको सूचना अनुसार विभिन्न वडाबाट प्राप्त भूकम्प पिडीतहरुको नामावली सहितको विवरण सम्बन्धित निकायमा पठाउने तथा भूकम्प पिडीतहरुलाई राहतको लागि दैनिक रुपमा प्रवाह हुने सेवालाई सबैको पहुँचमा रहने गरी थप सहज र प्रभावकारी गराउन यस कार्यमा खटिएका जनशक्तिहरुको समुचित व्यवस्थापन मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७६।०७७ को लागि नीति, कार्यक्रम तथा बजेट आगामी पाँचौ नगर सभामा पारित गर्ने उद्देश्यका साथ वस्ती, टोल हुँदै वडा स्तरबाट योजनाहरु छनौट गरी पठाउने कार्यका लागि बजेट सिलिङ तथा मार्गदर्शन पठाउने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा कम्युनिटी सपोर्ट ग्रुप (CSG) नेपालको च.नं.०६७/२०७५।०७६ मिति २०७५।१२।१० को पत्रको व्यहोरा जानकारी भए अनुसार नेपाल सरकार स्वास्थ्य मन्त्रालय, ग्लोवल फण्ड कार्यक्रम अन्तर्गत सेभ द चिल्ड्रेन र राष्ट्रिय एच.आई.भि. संक्रमितहरुको महासंघ

समेतको साझेदारीमा २०७५ पौष १५ गतेदेखि २०७६ पौष १५ गतेसम्म (१ वर्ष सम्म) संचालन हुने कार्यक्रमको प्रभावकारी संचालनको लागि सम्बद्ध पक्षहरुलाई सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा नव वर्ष २०७६ को आगमनको उपलक्ष्यमा होटल व्यवसायी संघ तनहुँद्वारा लोक संस्कृतिको जगेर्ना तथा स्थानीय स्तरको संगित क्षेत्रको विकासमा टेवा पुर्‍याउने लक्ष्य सहित आयोजना गर्न लागेको **नयाँ वर्ष साँगीतिक साँझ-२०७६** को व्यवस्थापकीय खर्चको लागि रु.१,००,००० (एक लाख) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा परम्परागत लोक संस्कृतिको जगेर्ना गर्ने तथा परियार जातिहरुको परम्परागत पेशाको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यका साथ व्यास १३ फच्याङ रिपथर र वेलवास एवं वेनीकोटका परियार जातिहरुलाई नौमती बाजा (पञ्चेबाजा) खरिद गर्ने कार्यका लागि वडास्तरीय कार्यक्रमबाट खर्च गर्ने गरी रु.१,२५,०००। का दरले रु.२,५०,०००। (दुई लाख पचास हजार) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयद्वारा पारित भएको जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ का सम्बन्धमा जानकारी भयो । साथै गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय, शहरी विकास तथा भवन कार्यालय गोरखाको पत्र संख्या २०७५।०७६ च.नं.१९३ मिति २०७५।१२।१८ को पत्रद्वारा माग भई आए अनुसार यस नगरपालिका भित्र बसोबास गर्ने अति सिमान्तकृत, लोपोन्मुख तथा अति विपन्न कुमाल, बोटे, दरै, भुजेल, कुसुण्डा, मुस्लिम, गन्धर्भ, माझी, बराम, चेपाङ, दलित, तामाङ, बादी, दुरा लगायतका जातिका समुदायका घरपरिवारहरु मध्ये कार्यविधिको मापदण्ड भित्र पर्न सक्ने घर परिवारको वडागत विवरण संकलन गरी जनता आवास कार्यक्रम अन्तर्गत लाभग्राहीको रुपमा छनौट गरिदिन सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वातावरण तथा विपद व्यवस्थापन शाखा सिंहदरवार काठमाण्डौको पत्र संख्या २०७५।०७६ च.नं.५५ मिति २०७५।१२।१८ को पत्रको व्यहोरा जानकारी भयो । सो सम्बन्धमा VFI-2019 कार्यक्रम अन्तर्गत विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सन्दर्भमा संन्धाई कार्य संरचनामा समावेश भएका क्रियाकलापहरुको मूल्यांकनको सन्दर्भमा नागरिक समाज तथा समुदायको सदस्यहरुको धारणा सर्वेक्षणका लागि Views From The Frontline VFI-2019 कार्यक्रम संचालन हुने गरी यस नगरपालिकाको वडा नं.१ छनौट भएको हुँदा सोको लागि आवश्यक सहयोग तथा समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा स्थानीय उपभोक्ताहरुले विद्युत महशुल भुक्तानी गर्ने गरी विभिन्न वडाबाट सडक बत्ती जडानको लागि सिफारिस भई आएको हुनाले सडक बत्ती जडान कार्य अगाडि बढाउन रु.१०,००,०००। (दश लाख) को ए.वि.सी. केवुल खरिद गर्न नियमानुसार खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय शहरी विकास तथा भवन कार्यालय गोरखाको पत्र संख्या २०७५।०७६ च.नं.१६५ मिति २०७५।१२।२० को सार्वजनिक शौचालय निर्माणको आयोजना प्रस्ताव माग सम्बन्धी पत्रको व्यहोराका सम्बन्धमा जानकारी भयो । सो सम्बन्धमा यस नगरपालिकाद्वारा ४० प्रतिशत लागत व्यहोर्ने गरी देहाय बमोजिम आयोजना छनौट गरी शौचालय निर्माण सम्बन्धी आयोजना प्रस्ताव पठाउने निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | आयोजना संचालन हुने वडा नं. | कैफियत |
|---|---|---|---|
| १. | सार्वजनिक शौचालय निर्माण योजना | वडा नं.४ (भोर्लेटार चोकदेखि विद्युत सवस्टेशनसम्मको क्षेत्रभित्र) | |

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय शहरी विकास तथा भवन कार्यालय गोरखाको पत्र संख्या २०७५।०७६ च.नं.१९८ मिति २०७५।१२।२० को पत्रद्वारा यस नगरपालिका वडा नं.८ अन्तर्गत पुलिमराङमा चालु आ.व.२०७५।०७६ का लागि शहिद पार्क निर्माणका लागि ३,००,०००। (तीन लाख) रुपैयाँ विनियोजन भई आएको हुँदा सोही पत्र साथ प्राप्त पार्क मनोरन्जन स्थल निर्माणका लागि अनुदान हस्तान्तरण माग निर्देशिका २०७५ बमोजिम पार्क निर्माणको लागि आवश्यक सहकार्य तथा समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.११ को वडा स्तरीय कार्यक्रम अन्तर्गत निर्माणाधीन अवस्थामा रहेको सुन्धारा टोलको खानेपानी मर्मत योजना सम्पन्न गर्न रकम नपुग भएको कारण योजना अधुरो रहेको हुनाले सो योजना सम्पन्न गर्न सम्बन्धित वडा कार्यालयबाट रकम थपको लागि सिफारिस भई आएको हुँदा प्राविधिकबाट तयार गरिएको रु.२,२८,२१३।०७ मध्ये अन्य रकम स्थानीय जनसहभागिता/लागत सहभागिताबाट व्यहोर्ने गरी रु.१,५०,०००। (एक लाख पचास हजार) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा घरेलु तथा साना उद्योग विकास समिति तनहुँको सहयोगमा संचालन हुने गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) कार्यक्रम संचालनको लागि उक्त कार्यक्रमको प्रारम्भिक समय तालिका बमोजिम एक वडा छनौटको लागि उल्लेखित कार्यक्रम संचालनार्थ सेवा प्रदायक संस्थाको रुपमा छनौट भएको श्री एकीकृत समाज विकास नेपाल शाखा कार्यालय व्यास ४ तनहुँको मिति २०७५।१२।१७ को पत्रद्वारा अनुरोध भई आएको परिप्रेक्ष्यमा कार्यक्रमको उद्देश्य अनुरुप यस नगरपालिकासँग समन्वय र सहकार्य समेत गर्ने गरी प्रारम्भिक रुपमा यस व्यास नगरपालिका वडा नं.६ मा उल्लेखित कार्यक्रम संचालन गर्न अनुरोध गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय शहरी विकास तथा भवन कार्यालय गोरखाको पत्र संख्या २०७५।०७६ च.नं.१९७ मिति २०७५।१२।२० को पत्रद्वारा चालु आ.व.२०७५।०७६ को लागि पार्क निर्माण शीर्षकमा रु.३,००,०००। (तीन लाख) बजेट विनियोजन भई आएकोमा यस नगरपालिकाको ४० प्रतिशत लागत सहभागिता हुने गरी यस नगरपालिका वडा नं.१० को देवीडाँडामा पार्क निर्माण गर्ने गरी, **पार्क मनोरञ्जन स्थल निर्माणका लागि अनुदान हस्तान्तरण मार्ग निर्देशन, २०७५** अनुसार पार्क निर्माण स्थलको लागि आवश्यक जमिनको उपलब्धता समेत खुल्ने गरी आयोजना प्रस्ताव तयार गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं १४:** प्रस्ताव नं. १४ का सम्बन्धमा छलफल हुँदा वडा कार्यालय व्यास ७ को पत्र संख्या २०७५।०७६ च.नं. २०७५।१२।०५ गतेको पत्रद्वारा वडास्तरीय कार्यक्रम अन्तर्गत खर्च गर्ने गरी १८ हर्ष पावरका तीन थान जोत्ने हाते ट्याक्टर खरिद गरी ३ वटा टोल विकास संस्थालाई हस्तान्तरण गर्न भनी सिफारिस भई आएको हुँदा नियमानुसार खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ५ को वडास्तरीय कार्यक्रम अन्तर्गत खर्च गर्ने गरी निम्नानुसारका कार्यक्रमहरु संचालनार्थ पत्र संख्या २०७५।०७६ च.नं.१७१७ मिति २०७५।१२।१८ को पत्रद्वारा सिफारिस भई आएअनुसार देहायबमोजिम प्रस्ताव स्वकित गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रमको नाम | प्रस्तावित लागत | कैफियत |
|---|---|---|---|
| १. | डस्विन वितरण कार्य | ४०,०००। | |
| २. | विभिन्न विद्यालयमा खेलकूद सामग्रीहरु तथा पुस्तक वितरण | २,००,०००। | |
| ३. | जनता आवास कार्यक्रम अन्तर्गत निजी आवास गृहहरुमा लाभग्राहीहरुलाई गृह प्रवेश सुभारम्भ कार्यक्रम संचालन | ४९,८६५। | |
| ४. | महिला कृषक समूहलाई तरकारी खेती सम्बन्धी तालिम तथा बिउ | १,५०,०००। | |

| | | | |
|---|---|---|---|
| | विजन वितरण कार्यक्रम | | |
| ५. | दरै र मगर जातिका परम्परागत पोशाक तथा लोकसंस्कृति बमोजिमका संगित सामग्री वितरण | १,३३,२००। | |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत पर्ने निम्नानुसारका सडकहरुको देहाय बमोजिम सडक क्षेत्राधिकार कायम हुने गरी लगत कट्टा गर्न सम्बन्धित सरोकारवालाहरुको लागि ३५ दिने सूचना जारी गर्ने निर्णय गरियो ।

| क.सं. | सडकको नाम | सडक क्षेत्राधिकार |
|---|---|---|
| १. | कलेस्ती मार्ग | सडक केन्द्रबाट दायाँबायाँ २० फिट |
| २. | छाब्दी मार्ग | सडक केन्द्रबाट दायाँबायाँ २० फिट |
| ३. | केशवटार मार्ग | सडक केन्द्रबाट दायाँबायाँ २० फिट |
| ४. | पराशर मार्ग | सडक केन्द्रबाट दायाँबायाँ २० फिट |
| ५. | दुम्सीचौर मार्ग | सडक केन्द्रबाट दायाँबायाँ २० फिट |
| ६. | मानुङ मार्ग | सडक केन्द्रबाट दायाँबायाँ १५ फिट |

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१२ को वडास्तरीय कार्यक्रम अन्तर्गत खर्च हुनेगरी निम्नानुसारका कार्यक्रमहरु संचालनार्थ सिफारिस भई आएको हुँदा देहाय बमोजिमका कार्यक्रम प्रस्ताव स्वीकृत गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| सिं.नं | योजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १. | महिला हकहित सम्बन्धी ३ दिने तालिम | रु.८५,०००। | |
| २. | अपाङ्ता भएका व्यक्तिहरुलाई बाखा वितरण कार्यक्रम | रु.८५,०००। | |

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको वडा नं.१ मा शहरीकरणसँगै तिब्रतर रुपमा जनघनत्व समेत बृद्धि भएको र अपराधिक घटनाहरु समेत बढ्दै गएको हुनाले सम्भावित सुरक्षा चुनौतिलाई मध्येनजर गरी चारकुने क्षेत्रमा प्रहरी चौकी स्थापनाको लागि सम्बन्धित निकायमा माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० बस्ने योजना गौतम र व्यास नगरपालिका वडा नं.२ बस्ने सन्तोषी आले (थापा मगर) ले निजहरुको नाउँमा जग्गाधनी प्रमाणपूर्जा भएको साविक फराकचौर ९/ञ हाल व्यास नगरपालिका वडा नं.२ उत्तरशीला टोलमा पर्ने कि.नं.२५६६,२७४८, ९२० र ९२१ का जग्गाहरुमा १३ फुटे बाटो खोली लगत कट्टाको लागि सम्बन्धित निकायमा सिफारिस गरिपाउँ भनी निवेदन दिएकोमा स्थलगत निरीक्षणको आधारमा हेर्दा त्यस क्षेत्रमा रहेका अन्य घरहरुको लागि समेत प्रस्तावित बाटोले आवागमनमा सहजता प्रदान गर्ने देखिएको हुँदा, उल्लेखित कित्ताबाट बाटो खोल्दा जग्गाको क्षेत्रफल यस नगरपालिकाको मापदण्ड भन्दा कम हुने भएतापनि उक्त क्षेत्रका वासिन्दाहरुको आवागमनको सुविधालाई मध्येनजर गरी १३ फुटे बाटो खोली बाटो खोल्दा कित्ताकाट भई कायम हुने नयाँ कित्ताहरुलाई एकआपसमा मिलाई मोहोडा पिछाड मिलान समेत हुने गरी बाटोको लगतकट्टा गर्न सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं २०**: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा सडक बोर्ड नेपालको ७० प्रतिशत अनुदान र व्यास नगरपालिका कार्यालयको ३० प्रतिशत समपुरक अनुदान समेतको संयुक्त लगानीबाट व्यास नगरपालिका वडा नं.१, २, ३ र ४ का शहरी (कालोपत्रे) सडकहरुको आवधिक मर्मत योजना (ठेक्का नं.१०/RBN/०७५।०७६) को लागि बोलपत्र मूल्यांकन समितिको सिफारिसमा श्री डायमण्ड कन्स्ट्रक्सन भानु ४ तनहुँले कबोल गरेको ( मु.अ.कर समेत) रु.३६,९५,७४९।४८ अंकको बोलपत्र कार्यपालिका बैठकबाट स्वीकृत भई परफरमेन्स वण्ड सहित १५ दिन भित्र सम्झौताको लागि आउन सम्बन्धित फर्मलाई पत्राचार गरिएकोमा पत्रको म्याद भित्र उक्त

फर्मबाट सम्झौताको लागि पत्र र परफरमेन्स वण्ड दर्ता हुन नआएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदाफा ५ मा व्यवस्था भए बमोजिम निजले बोलपत्र दर्ता गराउँदा पेश गरेको धरौटी वापतको रकम (नेपाल बंगलादेश बैंकबाट जारी रु.१,९७,०००।०० बराबरको बैंक जमानत पत्र अनुसारको रकम) जफत गरी मुल्यांकनमा दोस्रो स्थानमा रहेको (न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही रहेको) श्री हरी शान्ति कन्स्ट्रक्सन व्यास २ तनहुंले कबोल गरेको (मु.अ.कर समेत) रु.४२,००,७९०।४० अंकको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२१**: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा नगरपालिका कार्यालयको बहुउद्देश्यीय भवन अर्न्तगत तपशिलमा उल्लेखित निर्माण तथा मर्मत सम्बन्धी देहाय बमोजिमका कार्यहरु खुल्ला दरभाउपत्र माग गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | लागत अनुमान |
|---|---|---|
| १ | बहुउद्देश्यीय भवनको बाहिरी भागमा रंगरोगन | रु.२,५२,२०९।६४ |
| २ | कार्यालय परिशरमा इट्टा छाप्ने कार्य चौतारा निर्माण समेत | रु.४,७५,९३१।२७ |
| ३ | बहुउद्देश्यीय भवनको पूर्व दक्षिण भागमा रहेको सिढी स्तरोन्नती | रु.४,२४,१५४।४३ |
| ४ | बहुउद्देश्यीय भवनको दक्षिणतर्फ छाना छाउने (सेड) र फलाम सम्बन्धी कार्य (च्यानल गेट र ग्रिल सम्बन्धी) | रु.४,४२,०९१।४१ |

**निर्णय नं.२२**: प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१३ अर्न्तगत पोखरीभञ्ज्याङ महिला बहुउद्देश्यीय सहकारी संस्थाको भवनमा ट्रस निर्माणको लागि नगर सभाबाट रु.२,५०,०००। विनियोजन भएकोमा सम्बन्धित संस्थाको निर्णय र वडा कार्य समितिको सिफारिस बमोजिम सोही संस्थाको भवन निर्माणको लागि जग्गा सम्याउने कार्य गर्ने गरी योजना परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३**: प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं ३ अर्न्तगत विभिन्न पक्की नालाहरु सफाई गर्ने कार्यका लागि नगर सभाबाट रु.३,००,०००। रकम विनियोजन भएकोमा चालु आ.व.मा नालाहरु सफाई गर्नु नपर्ने देखिएको हुँदा योजना परिवर्तन गर्ने गरी वडा समितिबाट सिफारिस भई आएकोले वडा समितिको सिफारिस बमोजिम निम्नानुसार योजनामा रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | स्वीकृत रकम |
|---|---|---|
| १. | देउराली नगर आमा समूहको लागि उपकरण खरिद | रु.३५,०००।०० |
| २. | वाईफाईको लाग व्याकप उपकरण खरिद | रु.१,००,०००।०० |
| ३. | देउराली नगर टोल विकास संस्थाको भवनमा वायरिङ र सामान खरिद | रु.७०,०००।०० |
| ४. | शान्तिनगर टोल विकास संस्थाको सामुदायिक भवनमा फलसिलिङ र वायरिङ सम्बन्धी कार्य | रु.९५,०००।०० |

निर्णय नं.२४: प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम अर्न्तगत यस नगरपालिका कार्यालय र गैर सरकारी संस्था समन्वय समिति तनहुँको साझेदारीमा व्यास नगरपालिका वडा नं.५ र म्याग्दे गाउँपालिका वडा नं.१ मा पर्ने साँगेखोला माथि झोलुङ्गेपुल निर्माण गर्ने कार्यको लागि गैर सरकारी संस्था समन्वय समिति (NGO NETWORK,TANAHUN) र उपभोक्ता समितिसँग सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं.२५: प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ मा भौतिक पूर्वाधार शीर्षक अर्न्तगत वडा भित्र गमला अभियान कार्यक्रमको लागि रु.२,४०,०००। र वडाका विभिन्न स्थानमा सडक बत्ती जडान योजनाको लागि रु.३,५०,०००। विनियोजन भएकोमा वडा कार्य समितिको सिफारिस बमोजिम दुवै योजनाको लागि विनियोजन भएको एकमुष्ठ रकम रु.५,९०,०००। बाट पराशर टोल “ख” को चौकुनामा ढुंगा/इट्टा बिछ्याउने योजनामा खर्च गर्ने गरी योजना परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६**: प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ अर्न्तगत लक्षित कार्यक्रम शीर्षकमा नगर सभाबाट रु.६,००,०००। विनियोजन भएकोमा वडा कार्य समितिको सिफारिसमा उक्त रकमबाट तपशिल बमोजिमका कार्यक्रम संचालन गर्नको लागि निम्नानुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रमको नाम | विनियोजित रकम |
|---|---|---|
| १. | अध्ययन अवलोकन भ्रमण | रु.४,००,०००।०० |
| २. | रिभलसाईड युवाक्लव खेल मैदान स्तरोन्नति | रु.१,००,०००।०० |
| ३. | पञ्चे बाजा तथा पोशाक खरिद | रु.१,००,०००।०० |

**निर्णय नं.२७**: प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको नवनिर्मित बहुउद्देश्यीय भवनको जमिनमुनीको तलामा रहेको सवारी पार्किङ क्षेत्रमा कार पार्किङको शुल्क सम्बन्धमा यस अगाडि भएको मासिक र वार्षिक दररेट प्रचलित बजार मूल्यका आधारमा बढी रहेको जनगुनासो आएकोले साविकको दरमा संशोधन गरी निम्नानुसार दर निर्धारण गर्ने निर्णय गरियो ।

| विवरण | साविकको दररेट | संशोधित दररेट | कैफियत |
|---|---|---|---|
| मासिक पार्किङ शुल्क | ३,०००। | २,५००। | |
| बार्षिक पार्किङ शुल्क | ३६,०००। | २४,०००। | |

**निर्णय नं.२८**: प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको फोहोरमैला व्यवस्थापन तथा कार्यालय प्रयोजनका लागि आवश्यक रहेका १ थान पिकअप र १ थान ट्याक्टर यस नगरपालिकाको आन्तरिक श्रोत तथा कन्टिन्जेन्सी रकमबाट खर्च गर्ने गरी खरिद गर्न सार्वजनिक खरिद ऐन नियममा व्यवस्था भएको क्याटलक विधिबाट खरिद गर्न नियमानुसार खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२९**: प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७४ ले व्यवस्था गरे बमोजिम अनुगमन समितिको इकाई प्रमुखको रुपमा काम गर्ने गरी सामान्य प्रशासन शाखा प्रमुख श्री मेघनाथ आचार्यलाई थप जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं.३०**: प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा सुरक्षित जनता आवास कार्यक्रम अन्तर्गत लाभग्राही घर परिवार छनौटको लागि यस नगरपालिकाको वडा नं.७, ८, ९, १०, ११, १२, १३ र १४ मा बसोबास गर्ने खरको छाना भएका घर हुने घर परिवार मध्ये अत्यन्त विपन्न घर परिवारको वडागत विवरण संकलन गरी सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.३१**: प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ स्थित सेरा घिमिरेफाँट खानेपानी योजना नगद लागत सहभागिता उठाउने भनिएकोमा उक्त स्थानमा दलित एवं विपन्न वर्गका समुदायहरुको बसोबास रहेको हुनाले लागत सहभागिता वापतको रकम उठ्न नसकेको हुंदा उक्त योजनाको लागत सहभागिता बराबरको रकम जनश्रमदान हुने गरी योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३२**: प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुँदा हाम्रा नियमित कार्यहरुलाई नतिजामुखी गराउँदै लैजाने अभिप्रायका साथ यस नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई श्रोत र साधन सम्पन्न गराई नगरपालिकाको दैनिक सेवा प्रवाहमा अझ लगनशील र समर्पित हुन उत्प्रेरणा जगाउने हेतुले तयार गरिएको व्यास नगरपालिका कर्मचारी विशेष सुविधा सम्बन्धी मापदण्ड २०७५ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३३**: प्रस्ताव नं.३३ का सम्बन्धमा छलफल हुँदा युवा क्लब गठन तथा युवा संसद संचालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा ९ (१) को खण्ड ङ बमोजिम नगर युवा संसदमा देहायका युवाहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।

| सि.नं. | मनोनयन गरिएका युवाहरुको नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | श्री सुनिता आचार्य | व्यास ९ | |

| | | | |
|---|---|---|---|
| २. | श्री संयोग पौडेल | व्यास २ | |
| ३. | श्री स्मृति आचार्य | व्यास ५ | |
| ४. | श्री सविन लामिछाने | व्यास ६ | |
| ५. | श्री सूचना खनाल | व्यास २ | |
| ६. | श्री अलिसा वंशी | व्यास १ | |
| ७. | श्री सन्देश लौडारी | व्यास ३ | |